# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ सख्या :१२ गाउँकार्यपालिकाबाट पारित मितिः २०८२।०९।२३


# भाग-२

**सिस्ने गाउँपालिकाको पशुपन्छी पालक कृषकहरुको मागमा आधारित कार्यक्रम संचालन कार्यविधि, २०८२**

प्रस्तावनाः

पशुपन्छीपालन पेशाले समुदायको जिविकोपार्जनमा अनादीकाल देखी महत्वपूर्ण स्थान ओगटेको पशुपन्छीपालन व्यवसायलाई व्यवसायीकरण,विविधीकरण,आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी पशुधनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै पशुजन्य उत्पादनमा यस सिस्ने गाउँपालिकालाई आत्मनिर्भर बनाई राष्ट्रिय उत्पादनमा समेत योगदान दिन सिस्ने गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा ६६(ज) को अधिकार प्रयोग गरी यो पशुपन्छी पालक कृषकहरुको मागमा आधारित कार्यक्रम कार्यविधि २०८२ बनाई लागु गरेको छ ।

## परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भः

१) संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नामः पशुपन्छी पालक कृषकहरुको मागमा आधारित कार्यक्रम संचालन कार्यविधि २०८२ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले सिस्ने गाउँपालिका सम्झनु पर्दछ ।

ख) कार्यपालिका भन्नाले सिस्ने गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) शाखा भन्नाले सिस्ने गाउँपालिका पशुपन्छी विकास शाखा सम्झनु पर्दछ ।

घ) वडा भन्नाले सिस्ने गाउँपालिका अन्तर्गत पने १ देखी ८ वटा वडाहरु सम्झनु पर्दछ ।

ङ) प्राविधिक भन्नाले सिस्ने गाउँपालिका पशुपन्छी विकास शाखामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

च) अनुदान भन्नाले पशुपन्छी तथा मत्स्यपालनको लागि अनुसूची २ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मुल्य श्रृंखलाहरुमा दिइने अनुदान सम्झनु पर्दछ ।

छ) अनुदानग्राहि भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपन्छी तथा मत्स्य पालक कृषक।कृषक समुह।सहकारी संस्था।निजि फर्म।उद्यमीहरु सम्झनु पर्दछ ।

ज) कार्यविधि भन्नाले पशुपन्छी विकास शाखाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम मागमा आधारित अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम व्यवस्थापन गर्ने गरी पशुपन्छीमा नश्ल सुधार गर्नको लागि ५० प्रतिशत अनुदानमा पशुमा उन्नत जातको गाई, साँढे ,भैंसी, राँगा, बंगुरका पाठापाठी, बोका, बाख्रा, माछापालन र अण्डा उत्पादनका लागि लेयर्स कुखुराका चल्ला खरिद वितरण जस्ता कार्यक्रम व्यवसायिक रुपमा दुग्ध, मासु, अण्डा उत्पादन तथा वजारिकरणमा सहयोग कार्यक्रम मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०८२ सम्झनु पर्दछ ।

झ) मागमा आधारित कार्यक्रम भन्नाले सिस्ने गाउँपालिका मार्फत संचालन गरिने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

ञ) मापदण्ड भन्नाले मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिएको प्रस्ताव मुल्याङ्कनको लागि तोकिएको अनुसुचि ३ बमोजिमको मापदण्डलाई सम्झनु पर्दछ ।

ट) प्रस्ताव छनौट तथा सिफारिस समिति भन्नाले अनुसुची ७ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

ठ) फिल्ड अनुगमन समिति भन्नाले अनुसुची ८ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

ड) लगानी रकम भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यवसायिक पशुपन्छी,मत्स्य विकास कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कुल लगानि रकम सम्झनु पर्दछ ।

ढ) खरिद समिति भन्नाले गाउँपालिकाले नियम अनुसार वस्तु तथा सामाग्री खरिद गर्न बनाएको समितिलाई मानिन्छ ।

परिच्छेद-२

कार्यक्रम संचालन सम्वन्धि व्यवस्था

३) कार्यविधिको उद्देश्यः

मागमा आधारित अनुदान कार्यक्रम सरल,पारदर्शी तथा प्रभावकारी रुपले संचालन गर्ने ।

४) कार्यक्रमको उद्देश्यहरुः

कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेको छन् ।

क) पशुपन्छी तथा मत्स्य विकास प्रणालीलाई आधुनिकिकरण,व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।

ख) रोजगारीका अवसरहरु सृजना गरी गरिबी निवारणमा टेवा पुऱ्याउने ।

ग) पशुपन्छी तथा मत्स्य पालन पेशालाई व्यवसायिक र मर्यादित पेशाको रुपमा स्थापित गराउने ।

घ) पशुपन्छी तथा मत्स्यपालन पेशालाई दिगो,भरपर्दो र विश्वसनिय बनाउने ।

ङ) पशुपालन व्यवसायि एवं पशुजन्य उद्योगहरुको उद्यमीहरुलाई व्यवसाय गर्न प्रेरित गर्ने ।

५) कार्यक्रम संचालन प्रक्रियाः

क) पशुपन्छी विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिनेछ ।

ख) अनुदान प्रवाहका लागि १५ दिनको म्याद दिई अनुसुची १ को ढाँचा अनुसारको सूचना प्रकाशित गरिनेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसुची १ अनुसारको वर्गिकरण,अनुसुची २ को मापदण्ड अनुसार ४ को ढाँचामा सिस्ने गाउँपालिका पशुपन्छी विकास शाखामा पेश गर्नुपर्नेछ ।

घ) यसरी प्राप्त भएका प्रस्तावहरुको मुल्याङ्कन कार्य अनुसुची ३ बमोजिमको प्रस्ताव मुल्याङ्कनको आधारमा गरिनेछ ।

ङ) यसरी पेश हुन आएका प्रस्तावहरु फिल्ड अनुगमन गरी समितिको बैठकबाट छनौट गरिनेछ ।

च) छनौटमा परेका स्वीकृ प्रस्तावहरुको विवरण सबैको जानकारीको लागि सिस्ने गाउँपालिकाको सूचना पार्टीमा टाँस गरिनेछ ।साथै सम्वन्धित वडा कार्यालयहरुमा पठाईनेछ ।

छ) सिस्ने गाउँपालिकाबाट छनौटमा परेका अनुदानग्राही संग अनुसुची ५ बमोजिम सम्झौता गरिनेछ ।

ज) कार्यक्रम संचालन तथा सम्पन्न गर्दा लाग्ने खाजा,खाना, भत्ता ,स्टेशनरी ,इन्धन र खरिद,भ्रमण खर्च ढुवानी खर्च सोहि कार्यक्रममा विनियोजन गरिएको बजेट बाट उपलब्ध गराउनु पर्नेछ ।

६) अनुदान रकम भुक्तानी प्रक्रियाः

अनुदान रकम भुक्तानी सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

- कार्य सम्पन्न भएपश्चात अनुदानग्राहिले कार्य सम्पन्न प्रतिवेदन,सो संग आवश्यक पर्ने बिल, भरपाई,संचालित कार्यक्रमको फोटो तथा होर्डिङ बोर्ड,सम्वन्धित वडा

कार्यालयको कार्य सम्पन्नको सिफारिस, फिल्ड अनुगमन प्रतिवेदन वा सिफारिस पश्चात प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ ।

- रउन्नत जातको बोका, बाख्रा, वंगुरको पाठापाठी,गाई ,भैंसी, राँगा, चल्ला खरिद गरे पश्चात आवश्यक पर्ने विल भरपाई कागजातहरुको आधारमा रकम भुक्तानी दिइनेछ ।

**<u>अनुसुची-१</u>**

सिस्ने गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट,रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल

मागमा आधारित कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः.......................)

यस सिस्ने गाउँपालिका पशुपन्छी विकास शाखाको आ.व. २०..........।........................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार.................................कार्यक्रमहरु संचालन गर्नको लागि सिस्ने गाउँपालिकामा रहेका व्यवसायिक कृषक।समुह।सहकारी।पशुपन्छीपालन गर्ने फर्महरु बाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक उल्लेखित कृषक समुह।सहकारी।पशुपन्छीपालन फर्महरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मितिः २०..........।...................।..............।) कार्यालय समय भित्र तपसिलका उल्लेखित कार्यक्रमको लागि तोकिएको ढाँचा अनुसार आवेदन फारम सिस्ने गाउँपालिका पशुपन्छी विकास शाखामा पेश गर्न हुन जानकारी गराईन्छ ।विस्तृत जानकारीको लागि पशुपन्छी विकास शाखामा सम्पर्क राख्न हुन अनुरोध छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

१) वर्गिकरणः

| क्र.स. | लगानीको क्षेत्र | कार्यालय बाट हुने लागत साझेदारीको अंस | कृषकबाट हुने लागत साझेदारीको न्युनतम अंश | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२) प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरुः

- सम्वन्धित निकायमा दर्ता गरिएको दर्ता तथा नविकरण गरिएको प्रमाण पत्रको प्रतिलिपी १ थान
- स्थायी पान नं को दर्ता प्रमाण पत्र तथा नविकरण कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी १ थान

- कार्यालयबाट तोकिएको ढाँचाको निवेदन १ थान
- व्यवसायिक कार्ययोजना (प्रस्तावको ढाँचा) १ थान
- कृषक समुह।सहकारी संस्थाको हकमा अनुदान माग गर्न गरिएको बैठकको निर्णयको प्रतिलिपी १ थान
- नागरिताको प्रतिलिपी १ थान
- कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपी १थान
- यदि जग्गा भाँडामा भएको भए कम्तिमा ५ वर्ष भन्दा माथिको भाँडा सम्झौता पत्रको प्रतिलिपी १ थान
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- तिरो तिरेको प्रमाण पत्रको प्रतिलिपी १ थान
- सो घोषणा पत्र १ थान

# अनुसुची -२

मागमा आधारित अनुदान कार्यक्रमको लागि मापदण्ड

| क.स. | विवरण | उद्देश्य | हुनुपर्ने पशुपन्छी संख्या | छनौट प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|
| १ | उन्नत जातको बोका,बाख्रा खरिद वितरण | बाख्रा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बढाउने ।आयआर्जन गर्ने । | फर्मको हकमा बाख्रा न्यूनतमः २५ भन्दा माथि हुनुपर्नेछ ।र समुहको हकमा २०० वटा बाख्रा हुनुपर्नेछ । | • छनौट तथा सिफारिस समितिले रितपुर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नुपर्नेछ | |
| २ | उन्नत जातको भैंसी, राँगा,गाई,बंगुरको पाठापाठी,कुखुराको चल्ला खरिद बितरण | पशुपन्छीहरुमा नश्ल सुधार गरी पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व बढाउने, आयआर्जन गर्ने । | न्यूनतम माउँ भैंसीः ५ वटा,माउँ गाईः ५ वटा,माउँ बंगुरः ५ वटा, लेयर्स कुखुराः २०० वटा समुहको हकमा गाई,भैंसी,सुँगुर/बंगुर न्यूनतम ३० वटा हुनुपर्नेछ ।भने कुखुराको हकमा १५०० वटा हुनुपर्नेछ । | • छनौट तथा सिफारिस समितिले रितपुर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नुपर्नेछ | |
| ३ | मत्स्यपालन | | फर्मको हकमा कम्तिमा २ | • छनौट तथा सिफारिस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रोपनी क्षेत्रफल भएको पोखरीमा ५०० गोटा भुरा | समितिले रितपुर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नुपर्नेछ | |

## अनुसूची-३

कार्यक्रम संचालनका लागि प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कन आधारहरुः

| क्र.स | द.नं | आवेदक संस्थानको नाम | ठेगाना | व्यवसायिक कार्य योजना (२०) | आर्थिक पक्ष।व्यवसायको सम्भाव्यता।उपयुक्तता (२०) | मूल्य श्रृखलामा सहभागिको अनुभव तालिम (१०) | न्यूनतम पूर्वाधार। भौतिक संरचना (१०) | सामाजिक पक्ष।वातावरणीय पक्ष (१०) | गाई।भैंसी।बंगुर।कुखुरापालन,मत्स्यपालनको हकमा पालन गरिरहेको पशुपन्छी संख्या (१०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (१०) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

प्रस्ताव मुल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरुकोः

नाम थरः पदः हस्ताक्षरः

१.

२.

३.

४.

५.

६.

**<u>अनुसूची-४</u>**

व्यवसायिक कार्ययोजना(प्रस्तावको ढाँचा)

क) प्राविधिक प्रस्ताव

| क्र.स. | प्रस्तावित कार्यक्रमको नाम | |
|---|---|---|
| १ | कार्यक्रम कार्यन्वयन हुने स्थान | |
| २ | आवेदकको नाम थर | |
| ३ | ठेगाना | |
| ४ | आवेदकको सम्पर्क नं | |
| ५ | आवेदक समुह।समिति।फर्म।उद्योगको दर्ता नं | |
| ६ | दर्ता भएको कार्यालय र मिति | |
| ७ | पान दर्ता नं | |
| ८ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | |
| ९ | प्रस्तावकले आफ्नै स्रोतबाट ब्यहोर्ने रकम रु | |
| १० | माग रकम रु (अनुदान लागत) | |
| ११ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| १२ | प्रस्तावित कार्यक्रम कार्यन्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | |
| १३ | सडक सुविधा (छ।छैन) | |
| १४ | विजुलीको सुविधा (छ।छैन) | |
| १५ | नजिकको बजारको नाम | |
| १६ | सदरमुकाम देखि दुरी | |
| १७ | खानेपानीको सुविधा (छ।छैन) | |
| १८ | आफ्नै स्वामित्वको भवन मेशिनरी सवारी साधन र अन्य उपकरणको किसिम र संख्या उल्लेख गर्ने | १.<br>२.<br>३.<br>४. |

<table>
<tr><td></td><td></td><td>५.</td></tr>
<tr><td>१९</td><td>प्रस्तावित कार्यक्रमबाट लाभान्वित हुनेको संख्या</td><td></td></tr>
<tr><td>२०</td><td>प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरण</td><td>१.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७.</td></tr>
<tr><td>२१</td><td>प्रस्तावित कार्यक्रम सम्बन्धित आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने)</td><td></td></tr>
<tr><td>२२</td><td>प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर</td><td>१.<br>२.</td></tr>
<tr><td>२३</td><td>वातावरणिय असर न्यूनिकरणका लागि अपनाइने उपाय</td><td>१.<br>२.</td></tr>
<tr><td>२४</td><td>आवेदकसंग विद्यमान जनशक्ति विवरण</td><td><table>
<tr><td>क्र.स.</td><td>जनशक्ति विवरण</td><td>दक्षता(शैक्षिक योग्यता। तालिम)</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td></tr>
</table>

| | | |
|---|---|---|
| | | |
| २५ | प्रस्वावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्या | |

ख) आर्थिक प्रस्तावः

प्राविधिक प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्य विस्तृत विवरणः

| क्र.स. | मुख्य क्रियाकलाप | इकाई | परिमाण | प्रति इकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकले व्यहोरिने रकम (रु) | अनुदानबाट व्यहोरिने रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| **जम्मा (रु)** | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| कुल जम्मा (रु) | | | | |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउछु।छौं ।

| प्रस्तावक समुह।समिति।फर्म।उद्योग।व्यवसायको जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नाम थरः | |
| पदः | |
| हस्ताक्षरः | |
| मिति | |
| समुह।समिति।फर्म।उद्योग व्यवसायको छाप | |

<u>**अनुसूची-५**</u>

मागमा आधारित अनुदान कार्यक्रमका लागि निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिस्ने गाउँपालिकाको कार्यालय
रुकुमकोट,रुकुम (पूर्वी भाग) ।

विषयः मागमा आधारित पशुपन्छी विकास अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाबाट मिति.................मा प्रकाशित सुचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागि हुन योग्यता पुगेकोले..................................................नामक शीर्षक अन्तर्गत त्यस कार्यालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रहि मागमा आधारित पशुपन्छी विकास अनुदान कार्यक्रम संचालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका कागजातहरु संलग्न गरि पेश गरेको छु ।छौं ।

**संलग्न कागजातहरुः**

- सम्वन्धित निकायमा दर्ता गरिएको दर्ता तथा नविकरण गरिएको प्रमाण पत्रको प्रतिलिपी १ थान
- स्थायी पान नं को दर्ता प्रमाण पत्र तथा नविकरण कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी १ थान
- कार्यालयबाट तोकिएको ढाँचाको निवेदन १ थान
- व्यवसायिक कार्ययोजना (प्रस्तावको ढाँचा) १ थान
- कृषक समुह।सहकारी संस्थाको हकमा अनुदान माग गर्न गरिएको बैठकको निर्णयको प्रतिलिपी १ थान
- नागरिताको प्रतिलिपी १ थान
- कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपी १थान

- यदि जग्गा भाँडामा भएको भए कम्तिमा ५ वर्ष भन्दा माथिको भाँडा सम्झौता पत्रको प्रतिलिपी १ थान
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- तिरो तिरेको प्रमाण पत्रको प्रतिलिपी १ थान
- सो घोषणा पत्र १थान

नाम थरः

पदः

ठेगानाः

संस्थाको नामः

सम्पर्क नं

संस्थाको छाप

## अनुसूची - ६

मागमा आधारित अनुदान कार्यक्रमको सम्झौता पत्रको नमूनाः

सिस्ने गाउँपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मागमा आधारित अनुदान कार्यक्रम संचालन गर्न सिस्ने गाउँपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र श्री...............................................(यस पछि दोस्रो पक्ष भनिने) विच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं।लियौं ।

तपसिलः

१) प्रथम पक्षले मागमा आधारित अनुदान कार्यक्रम मार्फत...........................कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु...................मध्ये दोस्रो पक्षलाई रु....................अक्षेरुपी............................बराबरको आर्थिक।जिन्सी अनुदान प्रदान गर्नेछ। बाँकी रकम दोस्रो पक्ष आफैले लगानी गर्ने छ ।

२) दोस्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम संचालन गर्नुपर्नेछ । सोको निरीक्षण, अनुगमनका लागि प्रथम पक्षले गर्नुपर्नेछ ।

३) दोस्रो पक्षले प्रथम पक्षको परामर्श र सहमति अनुसारका पशुपंक्षी तथा सामाग्रीहरु गाउँपालिकाले खरिद गरी वितरण गर्न सक्नेछ ।यदि सो नभएमा कृषक आफैले खरिद गरी नियमानुसारको बिल,सिफारिस गरेको सम्बन्धित वडा कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

४) प्रथम पक्षले तोकेको प्राविधिकको प्रतिवेदन सिफारिसमा भएको प्रगतिका आधारमा कार्य सम्पन्न भएपछी मात्र अनुदान रकम दोस्रो पक्षको बैंक खातामा वा चेक मार्फत एकमुष्ट भुक्तानी दिइनेछ ।

५) प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराइएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोस्रो पक्षको हुनेछ । निर्माण कार्यको हकमा यसै सम्झौतामा समावेश भएको डिजाईन तथा इष्टिमेट बमोजिम गर्नुपर्नेछ ।

६) दोस्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकिएको निकायमा उपलब्ध गराउनु पर्नेछ ।

७) उल्लेखित सम्पूर्ण कार्यक्रम मिति २०...............भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

८) कुनै समस्या देखिएमा सम्बन्धित निकायमा जानकारी गर्नुपर्नेछ ।

९) कार्यक्रम संचालित स्थानमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम,ठेगाना,लाभान्वितहरुको विवरण,सहकार्यको रकम र सहयोगि निकयको नाम उल्लेखित बोर्ड अनिवार्य राख्नु पर्नेछ ।

१०) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**<u>प्रथम पक्ष</u>**

**<u>दोस्रोपक्ष</u>**

दस्तखतः

दस्तखतः

नामः

नामः

पदः

पदः

कार्यालय

ठेगानाः

छाप

संस्थाको छापः

**<u>रोहवर</u>**

सम्पर्क नं

नामः

पदः

दस्तखतः

# अनुसूची -७

परिच्छेद १ को दफा (ट) संग सम्बन्धित

प्रस्ताव छनौट तथा सिफारिस समिति गठन प्रक्रिया

गाउँपालिकामा मागमा आधारित पशुपन्छी कार्यक्रम संचालन गर्नको लागि एक प्रस्ताव छनौट तथा सिफारिस समिति रहनेछ । छनौट समिति देहाय बमोजिम हुनेछ ।

१) प्रमुख प्राशासकीय अधिकृत – संयोजक

२) योजना शाखा प्रमुख - सदस्य

३) आर्थिक विकास शाखा प्रमुख - सदस्य

४) कृषि विकास शाखा प्रमुख – सदस्य

५) पशुपन्छी विकास शाखा प्रमुख –सदस्य सचिव

आमन्त्रित

१) गाउँपालिका अध्यक्ष

२) गाउँपालिका उपाध्यक्ष

आज्ञाले

डिल्ली खड्का

प्रमुख प्रशासकीय अधिकृत